# समावेशी ग्रामीण विकास परियोजना
# वृत्तचित्र निर्माण सम्बन्धि सिलबन्दी दरभाउ पत्र आह्वान

## Terms of Reference (TOR)

### परिचय :

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्रविधिक सहयोगमा सहमतिद्वारा सञ्चालित नवलपरासी बर्दघाट सुस्ता पूर्व-पश्चिम अन्तरगत सुनवल नगरपालिका वडा नं. २, ५ र ९, सुस्ता गाउँपालिका वडा नं. २ र ३, प्रतापपुर गाउँपालिका वडा नं. ६ र ८, सरावल वडा नं. ७, पालहिनन्दन वडा नं. ६ र मध्यबिन्दु नगरपालिका वडा नं. ६, ७, ८ र ९ गरी जम्मा १३ वडाहरु समावेशी ग्रामीण विकास परियोजना संचालन भईरहेको छ । यस परियोजना मुख्यता चार क्षेत्रहरु व्यवसायिक कृषि उत्पादन, व्यवसायिक दुध उत्पादनको लागि पशुपालन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकासमा केन्द्रित रहेको छ ।

यस परियोजनाको मुख्य उद्देश्य भनेको व्यवसायिक कृषि र पशुपालन, आर्थिक भौतिक पूर्वाधारको विकास र युवा तथा महिला रोजगारको माध्यमबाट घरधूरीको आय बृद्धि गरी परियोजना क्षेत्र भित्रका मानिसहरुको जीवनयापनमा सुधार ल्याउने रहेको छ ।

यस परियोजनाको प्रत्यक्ष लाभग्राहीहरु तरकारी उत्पादक कृषकहरु, दुध उत्पादक कृषक, केरा खेती गर्ने कृषक, मत्सपालन गर्ने कृषकहरु गरी ६२१४ घरधूरी रहने छन् । परियोजनाको सरोकारवालाहरु स्थानीय सरकार, सहकारी, कृषक समूह, वितीय संस्था र कार्यक्रमसँग सम्बन्धित सरकारी कार्यालय रहेका छन् ।

### उद्देश्य :

१. समावेशी ग्रामीण विकास परियोजनाले सन् २०२१ जनवरीदेखि डिसेम्बरसम्म समुदायमा गरेका सम्पूर्ण गतिविधिहरुको छायाकंन गरी परियोजना अवधिको अन्तमा १५ देखि २० मिनेटको वृत्तचित्र बनाउने ।
२. कृषक, युवा, महिला, सहकारी संस्था, सरोकारवाला, परियोजनासँग सम्बन्धित विभिन्न व्यक्ति, समूह आदिका भनाई, सकारात्मक परिवर्तन, राम्रा सिकाई तथा परिवर्तनका कथाहरु समेटिएर वृत्तचित्र बनाउनु पर्नेछ । बनाइएको वृत्तचित्र विभिन्न छापा तथा विद्युतीय संचार माध्यम मार्फत प्रसारण गर्नु पर्नेछ ।

## कार्यक्षेत्र :

समावेशी ग्रामीण विकास परियोजनाको प्रत्यक्ष रेखदेखमा मिडिया कम्पनी वा वृत्रचित्र निर्माताले तल उल्लेखित कार्यहरु गर्नुपर्ने हुन्छ :

- परियोजनासँग मिलेर वृत्तचित्रको लागि चाहिने समग्र कन्सेप्ट, स्क्रिप्ट, कथा तथा छायांकन समयतालिका बनाउनु पर्ने हुन्छ ।
- परियोजनाको कार्यक्षेत्र अन्तर्गत रहेका ०० व्यक्ति र सरोकारवाला, दातृनिकाय आदिको अन्तर्वार्ता लिनुपर्ने हुन्छ ।
- नवलपरासी बर्दघाट सुस्ता पूर्व-पश्चिम अन्तरगत सुनवल नगरपालिका वडा नं. २, ५ र ९, सुस्ता गाउँपालिका वडा नं.  २ र ३, प्रतापपुर गाउँपालिका वडा नं. ६ र ८, सरावल वडा नं. ७, पालहिनन्दन वडा नं. ६ र मध्यबिन्दु नगरपालिका वडा नं. ६, ७, ८ र ९ गरी जम्मा १३ वडाहरुमा जानुपर्ने हुन्छ । महिनाको कम्तीमा २ दिन वा परियोजनाको आवश्यकता अनुसार तोकिएको क्षेत्रमा गई छायाँकन गर्नुपर्ने हुन्छ ।

## कार्यविधि :

मिडिया कम्पनी वा वृत्रचित्र निर्माताले तल उल्लेखित विधि अपनाउनुपर्ने छ :

- स्क्रिप्ट लेखन, एटिडर, क्यामेरा पर्सन, साउण्ड पर्सन सम्मेलित समूह रहेको हुनपर्ने ।
- वृत्तचित्र न्यूनत्तम 2K resolution मा गुणस्तरीय साउण्ड भएको हुनुपर्नेछ । वृत्तचित्रलाई सिनेम्याटिक र सिर्जनात्मक तरिकाले प्रस्तुत गर्नुपर्ने ।
- वृत्तचित्रमा डोन र टाइम्ल्याप्सहरुको प्रयोग हुनुपर्ने ।
- प्री र पोस्ट प्रोडक्सनको कामलाई छिटो र गुणस्तरीयसँग रेन्डर गर्न सक्ने कम्प्यूटरको प्रयोग गर्नुपर्ने ।
- फाइनल वृत्तचित्र १५ देखि २० मिनेटको, भ्वाइस ओभर तथा नेपाली र अंग्रेजी भाषामा सब्टाइटल भएको हुनुपर्ने ।
- छायाँकन गरिएको सबै फुटेज (Raw file) परियोजनालाई बुझाउनुपर्ने ।
- परियोजनासँग मिलेर वृत्तचित्रको लागि चाहिने फाइनल स्क्रिप्ट तथा छायांकन समयतालिका बनाई त्यसै अनुरुप छायाँकन गर्नुपर्ने हुन्छ ।
- वृत्तचित्रको छायाँकन अवधि जनवरी २०२१ देखि हुनेछ र डिसेम्बर २०२१ मा फाइनल वृत्तचित्र बुझाउनु पर्ने हुन्छ ।

- वृत्तचित्र निर्माण सम्झौता पश्चात मिडिया कम्पनी वा वृत्रचित्र निर्मातासँग मिलेर छायाँकन समय तालिका र विषयवस्तु परियोजनाले अन्तिम दास्तावेज तयार गर्नेछ र सो अनुसार छायाँकन गर्दै जानुपर्नेछ ।
- तयार भएको वृत्तचित्र परियोजनाको दस्तावेजीकरणको लागि हुनेछ। संकलन गरिएको सबै जानकारी, श्रव्यदृश्य सामग्रीहरुमा परियोजनाको पूर्ण स्वामित्व हुनेछ। कुनै पनि किसिमको आर्थिक लाभ लिने गरी प्रयोग गर्न पाइने छैन ।
- परियोजना तथा संस्थाको गोपनीयतालाई कायम गर्नु पर्नेछ ।
- नेपाल सरकारको नीति विपरित, समुदायको मूल्य मान्यता तथा शान्तिलाई खलल पुर्‍याउने गरी सूचना संकलन र सम्प्रेसन गर्न पाईदैन ।
- मिडिया कम्पनी वा वृत्रचित्र निर्माताले सम्पूर्ण विवरण सहित जम्मा रकम बुझाउनुपर्ने छ ।

## मिडिया कम्पनी वा वृत्रचित्र निर्माताले पेश गर्नु पर्ने डकुमेन्टहरु :

१. प्राविधिक तथा आर्थिक प्रस्ताव

- प्राविधिक प्रस्तावः कन्सेप्ट नोट, कार्यविधि, कार्ययोजना, छायाँकन समयतालिका तथा छायाँकनमा प्रयोग हुने श्रव्यदृश्यका सामानहरु, पोस्ट प्रोडक्सन सामग्री र सफ्टवयर सूची
- आर्थिक प्रस्ताव : खर्चको विस्तृत विवरण र लाग्ने करसहितको हिसाब ।

२. विगतमा आफूले बनाएको उत्कृष्ट ३ वृत्तचित्र समावेश गर्नुपर्ने

३. अन्य उल्लेखित विवरणहरु :

- संस्थाको निबेदन
- वृत्तचित्र अवधरणा पत्र
- संस्था दर्ताको प्रमाण पत्र, रि न्यू
- वृत्तचित्र तयार गर्दा परिचालन गरिने मानव स्रोत र तिनीहरुको CV

४. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थामा निहित हुनेछ ।

उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा **“वृत्तचित्र निर्माण”** लेखी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात् मिति २०७७।०९।२२ (6th Jan 2021) बेलुका ५:०० बजेभित्र

समावेशी ग्रामीण विकास परियोजना कार्यालय, वर्दघाट न.पा. वडा नं. ४ शिवालय टोल, नवलपरासी वा सहमतिको कार्यालय, गैंडाकोट नगरपालिका, वडा नं. ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

**क) प्रस्ताति कार्ययोजना (१४ महिना) Nov 2020 to Dec. 2021**

| सिं.नं. | मुख्य कृयाकलापहरु | समायावधी (देखि सम्म) | कैफियत |
|---|---|---|---|
| १ | स्क्रिप्ट लेखन | | |
| २ | स्क्रिप्ट स्वीकृत | | |
| ३ | छायांकन | | |
| ४ | ड्राफ्ट बृत्त चित्र तयार | | |
| ५ | फाइनल बृत्त चित्र | | |
| | | | |
| | | | |
| | | | |

**ख) सूचान संकलन गर्दा प्रयोग गरिने सामग्रीको विवरण**

| सिं.नं. | सामग्रीको नाम | स्पेशीफकेशन (क्षमता तथा गुणस्तरियता) | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| | | | |
| | | | |
| | | | |

ग ) सूचान संकलन तथा बृत चित्र तयार गर्दा परिचालन गरिने मानव स्रोतहरु

| सिं.नं. | नाम | योग्यता | अनुभव |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| | | | |
| | | | |
| | | | |

घ) अनुमानित बजेट विवरण

| सिं.नं. | मुख्य कृयाकलापहरु | परिमाण | प्रति इकाई दर रु | रकम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | कुल जम्मा | | | |